प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

बुटवल, रुपन्देही

## प्रि-डिप्लोमा तहको बर्गिकृत (नि:शुल्क) छात्रवृत्ति तर्फको लागि आवेदन फारम भरेका प्रशिक्षार्थीहरुको नतीजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७९।०५।२२**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७९।०४।१२ गते र मिति २०७९।०५।०८ गतेको प्रि-डिप्लोमा तहको शैक्षिक शत्र २०७९/०८० का लागि गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनानुसार प्रि-डिप्लोमा तहको वर्गिकृत (नि:शुल्क) छात्रवृत्तिको लागि आवेदन फारम भरेका आवेदकहरु मध्येवाट परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको **“प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७९** तथा सूचनामा उल्लेख भए बमोजिम वरियताक्रमको आधारमा नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकरीका लागि यो सूचना प्रकाशित गरिएको छ ।मुख्य सफल प्रशिक्षार्थीहरुले मिति २०७९/०५/३१ गते सम्म कार्यालय समय भित्र तोकिएको शिक्षण संस्थामा आफ्नो प्रवेश पत्र, शैक्षिक योग्यता, नागरिकता वा जन्म दर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाण पत्र सहित सिफारिस गरिएका शिक्षण संस्थामा भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम प्रशिक्षार्थीहरुले पेश गरेका प्रमाण पत्रहरु रुजु गरी भर्ना गर्न/ गराउन हुन अनुरोध छ ।साथै तोकिएको मिति भित्र प्रशिक्षार्थीहरु भर्ना हुन नआई कुनै सिट रिक्त रहेमा भर्ना हुन नआएका प्रशिक्षार्थीको नाम, सिम्बल नं.,लक्षित वर्ग समुह तथा रिक्त कोटा सहित उल्लेख गरी भर्ना म्याद सकिएको ३ दिनभित्र यस प्रदेश कार्यालयको ई-मेल ठेगाना :exam.ctevtp5@gmail.com मा पत्र मार्फत जानकारी गराउनुको साथै सोको वोद्यार्थ परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी ,भक्तपुरमा समेत पठाउन हुन अनुरोध छ । नतिजा परिषद् कार्यालयको वेभ साईट : www.ctevtexam.org.np तथा परिषद् लुम्बिनी प्रदेशको वेभ साईट : www.ctevtp5.org.np मा हेर्न हुन अनुरोध छ ।

**निर्देशक**